सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलीचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

## बिज्ञप्ति

मितिः २०७९/१२/१८

भूमिस्थान युवा क्लब, सुनिलस्मृति-४, बाग्मा रोल्पाको आयोजनामा सुनिलस्मृति-४, सुलिचौर, रोल्पामा आयोजित "कृषि, पर्यटन, ब्यापार तथा सांस्कृतिक महोत्सव" मिति २०७९/१२/०९ गते देखि सञ्चालन भई रहेको सन्दर्भमा यस सुनिलस्मृति गाउँपालिकाको सिफारिस तथा जिल्ला प्रशासन कार्यालय, रोल्पाको संचालन सहमति अनुसार उक्त मेला मिति २०७९/१२/०९ मिति २०७९/१२/१८ गते शनिवार सम्म मात्र सञ्चालनका लागि शुरु सिफारिस गरिएको व्यहोरा आम जनसमुदायमा अवगत गराउन चाहान्छौ । आयोजकले उक्त महोत्सब ४ दिन थप गरि मिति २०७९/१२/२२ गतेसम्म सञ्चालन गर्न लागेको भन्ने विषय प्रति गाउँपालिकाको कुनै आधिकारिक सहमति र सिफारिस नरहेको व्यहोरा समेत जानकारी गराउदै आयोजक समेतको सर्वपक्षीय छलफलवाट एस.ई.ई. परीक्षा समेत सञ्चालन भै रहेको परिप्रेक्ष्यमा महोत्सब सञ्चालन अवधि थप नगरी पूर्व स्वीकृति सहमति अनुरुपनै आजकै मितिवाट महोत्सब बन्द गर्ने सहमति भएको व्यहोरा समेत सम्वन्धित सरोकारवाल सबैमा सुस्पष्ट जानकारी गराउछौ।

आयोजक क्लबलाई उक्त महोत्सब आजकै दिन देखि पूर्व स्वीकृत सहमति अनुसार बन्द गर्न समेत जानकारी गराईन्छ। महोत्सब सञ्चालन भएमा गाउँपालिकाले सो महोत्सव बन्द गराउन बाध्य हुने व्यहोरा यसै विज्ञप्ति मार्फत जानकारी गराइन्छ ।

..............................
अध्यक्ष
सुनिलस्मृति गाउपालिका

“जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प”

इमेल:info@sunilsmritimun.gov.np,ito@sunilsmritimun.gov.np वेबसाइट:sunilsmritimun.gov.np फोन नं:०८६-४०११५२,७०